# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, मंसिर ११ गते, २०७४ साल (संख्या ४१


## भाग ५

### न्याय परिषद्को सूचना

### <u>न्यायाधीशको आचार संहिता, २०७४</u>

**<u>प्रस्तावना</u>** : स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रणालीको माध्यमबाट कानूनको शासन, मानव अधिकार तथा संवैधानिक मूल्य मान्यताहरूको संरक्षण र सम्बर्द्धन गर्न;

प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था मार्फत न्यायमा पहुँच अभिवृद्धि गर्न;

न्यायपालिकाको जनआस्था र प्रतिष्ठालाई उच्च राख्ने सन्दर्भमा व्यक्तिगत तथा सामूहिक रुपमा समेत न्यायाधीशहरूद्वारा न्यायिक पदलाई सार्वजनिक उत्तरदायित्वको पदको रुपमा कायम गर्न, र

न्यायाधीशहरूको आचरण एवं व्यवहारका विषयमा आधारभूत सिद्धान्त तथा मानकहरू निर्धारण गरी अन्तर्राष्ट्रियस्तरमा विकसित सिद्धान्त एवं मुलुकभित्र विद्यमान प्रचलन, व्यवहार, न्यायिक संस्कृति समेतलाई समेटी न्यायाधीशको आचार संहिता बनाई लागू गर्न वाञ्छनीय भएकोले न्यायाधीशको आचारसंहिता, २०६५ को मर्मलाई अङ्गीकार गर्दै न्याय परिषद ऐन, २०७४ को दफा ३३ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी न्याय परिषदले यो आचारसंहिता जारी गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१.१. यस संहिताको नाम "न्यायाधीशको आचार संहिता, २०७४" रहेको छ ।

१.२. यो आचार संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

२.१. "न्यायाधीश" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा बहाल रहेका न्यायाधीश सम्झनु पर्छ र सो शब्दले समय समयमा कानून बमोजिम गठन भएका विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत र विभिन्न न्यायाधिकरणहरू वा अन्य निकाय समेतमा रही मुद्दा मामिलामा निर्णय दिने गरी नियुक्त भएका, तोकिएका वा खटाईएका पदाधिकारीलाई समेत जनाउँछ।

२.२. "कर्मचारी" भन्नाले दफा २.१ मा उल्लिखित अदालत वा मुद्दा हेर्ने निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

२.३. "न्यायाधीशको परिवार" भन्नाले न्यायाधीश आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नि, छोरा, अविवाहित छोरी, धर्मपुत्र वा अविवाहित धर्मपुत्री सम्झनु पर्छ र सो शब्ले न्यायाधीश आफैंले पालनपोषण गर्नु पर्ने बाबु, आमा, सौतेनी आमा र नाबालक भाई वा अविवाहित बहिनीलाई समेत जनाउँछ ।

२.४. "नातेदार" भन्नाले प्रचलित कानून बमोजिम न्यायाधीशको नातेदार भनी तोकिएका नातेदार सम्झनु पर्छ ।

२.५. "कानून व्यवसायी" भन्नाले नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० बमोजिमका कानून व्यवसायी सम्झनु पर्छ ।

२.६ "आचरण" भन्नाले न्यायाधीशले पालना गर्नुपर्ने व्यवहार, बानी बेहोरा, चालचलन वा चरित्र सम्झनु पर्छ ।

३. **स्वतन्त्रता सम्बन्धी आचरणहरु:**

३.१ न्यायाधीशले न्यायिक कार्य गर्दा कानूनको सही प्रयोग गरी प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, दबाब, भनसुन, धम्की,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई न्यायिक कार्य स्वतन्त्रतापूर्वक गर्नु पर्दछ ।

३.२ न्यायाधीशले आफ्नो सामाजिक सम्बन्ध कायम गर्दा न्यायिक मर्यादामा रही गर्नु पर्नेछ र सामाजिक सम्बन्धको कारणले न्याय सम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले निरोपण गर्नुपर्ने विवादका पक्षहरूबाट पर्न सक्ने प्रभाववाट स्वतन्त्र रहनु पर्नेछ ।

३.३ न्यायाधीश कार्यपालिका वा व्यवस्थापिकाका सदस्यहरूसँगको अनुपयुक्त सम्पर्क वा दलगत राजनीतिक प्रभावबाट मुक्त रहनु पर्नेछ ।

३.४ न्यायाधीशले न्यायिक कर्तव्य पालना गर्ने क्रममा आफू स्वयंले पनि स्वतन्त्रतापूर्वक कार्य गर्नु पर्नेछ र अन्य सहकर्मी न्यायाधीशहरूलाई पनि स्वतन्त्रतापूर्वक न्यायिक कार्य गर्न सक्ने सहज वातावरण प्रदान गर्नु पर्नेछ र कुनै प्रकारको हस्तक्षेप गर्न, अनुचित प्रभाव पार्न वा दबाब दिन हुँदैन ।

३.५ न्यायाधीशले न्यायपालिकाको संस्थागत एवम् कार्यगत स्वतन्त्रता कायम राख्न र न्यायिक स्वतन्त्रता समेतको अभिवृद्धि गर्न प्रयास गर्नु पर्नेछ ।

३.६ न्यायिक स्वतन्त्रताको लागि अपरिहार्य रहेको न्यायपालिकाप्रतिको जनआस्था एवम् जनविश्वासको अभिवृद्धि गर्न न्यायाधीशले उदाहरणीय तथा अनुकरणीय न्यायिक आचरण प्रदर्शन र प्रवर्द्धन गर्नु पर्नेछ ।

३.७ निन्दा, आलोचना, आक्रोश आदिबाट दुःखित हुने तथा बढाइँ, प्रशंसा, नम्रताबाट प्रभावित हुने मानवीय स्वभावको नकारात्मक असर न्याय सम्पादन कार्यमा नपरोस् भनी न्यायाधीश सधैं सजग रहनु पर्नेछ ।

**४. <u>निष्पक्षता सम्बन्धी आचरणहरु</u>:**

४.१ न्यायाधीशले कुनै प्रकारको मोलाहिजा, पक्षपात, पूर्वाग्रह वा द्वेषभाव नराखी न्यायिक काम कर्तव्यको पालना गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२ न्यायाधीशले न्यायका उपभोक्ताहरुसँग गर्ने व्यवहार निष्पक्ष हुनु पर्नेछ र मुद्दाका पक्ष, कानून व्यवसायी र सर्वसाधारणको न्यायाधीश र न्यायपालिकाप्रतिको जनआस्था एवम् जनविश्वास अभिवृद्धि गर्न क्रियाशील हुनु पर्नेछ ।

४.३ न्यायाधीशले न्याय सम्पादनमा नकारात्मक प्रभाव पर्ने गरी कुनै पनि व्यक्तिसँग अनावश्यक रुपमा सम्बन्ध वा सम्पर्क बढाउनु हुँदैन ।

४.४ न्यायाधीशले आफू समक्ष निरोपणका लागि प्रस्तुत हुन आएका वा आउन सक्ने विवादको परिणाममा असर पर्ने गरी वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टीकाटिप्पणी गर्न वा कुनै व्यक्ति वा विवादको स्वच्छ सुनुवाईमा असर पर्ने गरी सार्वजनिक रुपमा वा अन्य सामाजिक सञ्जाल समेतमा कुनै अभिव्यक्ति दिनु हुँदैन ।

४.५ देहायको कुनै अवस्था सृजना भई न्यायाधीश आफैंले विवादको निष्पक्ष निरोपण गर्न नसक्ने भएमा वा एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा त्यस्तो विवाद निरोपण गर्दा निष्पक्ष भई निर्णय गर्न नसक्ने अवस्था छ भन्ने देखेमा त्यस्तो विवादको सुनुवाई वा न्याय निरोपण गर्नवाट आफूलाई अलग राख्नु पर्नेछः-

(क) मुद्दाका कुनै पक्षप्रति न्यायाधीशको खास आग्रह वा पूर्वाग्रह भएमा;

(ख) विवादित विषयको प्रमाणसम्बन्धी तथ्यमा न्यायाधीशलाई व्यक्तिगत हैसियतमा पूर्व जानकारी भएमा;

(ग) विवादको विषयमा न्यायाधीशले पहिले कानून व्यवसायीको हैसियतले काम गरेको वा साक्षीको रुपमा रहेको भएमा;



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) निरोपण गर्नुपर्ने विवादको परिणाममा न्यायाधीश वा निजको परिवारको प्रत्यक्ष आर्थिक स्वार्थ जोडिएको भएमा ।

५. निष्ठा सम्बन्धी आचरणहरुः

५.१ एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा न्यायाधीशको आचरण निन्दनीय छैन भन्ने कुरा न्यायाधीश आफैले व्यवहारतः सुनिश्चित गर्नु पर्दछ पर्नेछ ।

५.२ न्यायाधीशको आचरण र व्यवहार न्यायपालिकाप्रति जनताको आस्था र विश्वास बढाउने किसिमको उच्च नैतिकता उन्मूख हुनु पर्नेछ । "न्याय गरेर मात्र हुँदैन, न्याय गरेको देखिनु पनि पर्दछ" भन्ने मान्यताबाट प्रेरित भई न्यायाधीशले आफ्नो कार्यसम्पादन गर्नु पर्नेछ ।

५.३ न्यायाधीश सदैव आफ्नो आचरणप्रति गहिरो एवम् अटुट विश्वासमा रहनु पर्नेछ ।

६. सदाचार सम्बन्धी आचरणहरुः

६.१ न्यायाधीशका हरेक क्रियाकलाप सदाचारपूर्ण हुनु पर्नेछ । सदाचार विपरीत देखिने कुनै पनि कार्य गर्नबाट न्यायाधीश अलग रहनु पर्नेछ ।

६.२ हरेक क्रियाकलापको व्यक्ति र समाजले नित्य निगरानी, अनुगमन र मूल्याङ्कन गर्ने हुँदा न्यायाधीशले सदैव आफ्नो कारणबाट कुनै नागरिक वा समुदायलाई अनुचित बोझ नहोस् भन्ने कुरा बिचार गरेर आफ्नो क्रियाकलाप नियन्त्रित गर्नुपर्दछ ।

६.३ न्यायाधीशले खास गरी आफू कार्यरत अदालतमा नियमित बहस पैरवी गर्ने कानून व्यवसायीहरूसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको छ कि भनी आशंका हुने स्थितिबाट अलग रहनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.४ न्यायाधीशले आफ्नो परिवारका कुनै सदस्यले कानून व्यवसायीको रुपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको विवादको निरोपणमा सहभागी हुनु हुँदैन ।

६.५ न्यायाधीशले आफूले प्रयोग गरी आएको आवासमा कसैलाई कानून व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरूसँग भेटघाट गर्न दिनु हुँदैन ।

६.६ न्यायाधीशले अन्य नागरिक सरह विचार र अभिव्यक्तिको स्वतन्त्रता वा कुनै संघसंस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकारको प्रयोग गर्दा न्यायिक पदको गरिमा र न्यायपालिकाको स्वतन्त्रता एवं निष्पक्षता जोगाई राख्ने गरी गर्नु पर्नेछ ।

६.७ न्यायाधीशले आफ्नो व्यक्तिगत वा आफूलाई कानूनबमोजिम प्राप्त हुने आर्थिक लाभ वा स्वार्थ तथा आफ्नो परिवारका सदस्यहरूको आर्थिक कारोबार एवं स्वार्थ बारे जानकारी राख्ने उचित प्रयास गर्नु पर्नेछ ।

६.८ न्यायाधीशले आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफूले सम्पादन गर्ने न्यायिक कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनु हुँदैन ।

६.९ न्यायाधीशले आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुँदैन । साथै कुनै व्यक्ति न्यायाधीशको न्यायिक कार्यमा प्रभाव पार्न सक्ने विशेष हैसियतमा छ भनी न्यायाधीशले भन्नु वा अन्य कसैलाई त्यस्तो अनुभूति हुने गरी बोल्नु हुँदैन ।

६.१० न्यायाधीशले न्यायिक हैसियतले कार्य गर्दा प्राप्त गरेको गोप्य सूचना न्यायिक कर्तव्यको पालना गर्दा बाहेक अन्य उद्देश्यको लागि प्रयोग गर्नु वा खुलासा गर्नु हुँदैन ।

६.११ न्यायाधीशले निष्पक्षतापूर्वक न्यायिक कर्तव्य पालनामा बाधा नपर्ने वा आँच नआउने गरी देहायका कार्य गर्न हुन्छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कानून, कानूनी पद्धति, न्यायप्रशासन वा त्यस्तै विषयमा लेख्न, प्रवचन दिन, अध्यापन गर्न वा ती विषयका देशभित्र वा बाहिर आयोजना हुने सार्वजनिक कार्यक्रममा उपस्थित हुन वा छलफलमा सहभागी हुन;

(ख) न्यायिक पदको गरिमामा आँच नआउने वा न्यायिक कर्तव्यको पालनामा कुनै तरहबाट बाधा नपर्ने अन्य कुनै काम कारवाहीमा सहभागी हुन ।

६.१२ न्यायाधीशले न्यायाधीशहरूको संघ वा संगठन खोल्न, सदस्यता लिन वा न्यायाधीशहरूको हितको प्रतिनिधित्व गर्ने अन्य संस्थाहरूमा सहभागी हुन हुन्छ ।

६.१३ न्यायसम्पादनको सिलसिलामा न्यायाधीशले कुनै कार्य गर्नको लागि वा गरे वा नगरेबापत न्यायाधीश वा निजको परिवारका कुनै सदस्यले कुनै प्रकारको आतिथ्य स्वीकार गर्न वा दान, दातव्य, उपहार, इच्छापत्र, ऋण वा आर्थिक वा भौतिक लाभ माग गर्नु वा स्वीकार गर्नु गराउनु हुँदैन ।

६.१४ न्यायाधीशले जानी–जानी कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा अख्तियारी अन्तर्गतका अन्य व्यक्तिलाई न्याय सम्पादनको सिलसिलामा आफूले कुनै कार्य गर्नको लागि वा गरिदिए वा नगरिदिए वापत कुनै उपहार, इच्छापत्र, ऋण वा अन्य लाभको माग गर्न वा स्वीकार गर्न अनुमति दिनु हुँदैन ।

६.१५ न्यायाधीशको न्यायिक कार्यमा प्रभाव पार्ने वा पक्षपातपूर्ण काम गर्न प्रेरित गर्ने वा न्यायिक निष्पक्षतामा आँच आउने गरी कुनै पनि समारोहमा उपस्थित हुन र कुनै प्रकारको उपहार ग्रहण गर्न हुँदैन ।

**७. <u>समानता सम्बन्धी आचरणहरुः</u>**

७.१ न्यायाधीशले जातजाति, वर्ण, लिङ्ग, धर्म, अपाङ्गता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै अप्रासङ्गिक आधारहरूको कारणबाट पैदा हुने सम्भावित असमान स्थितिप्रति सचेत रहनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७.२ न्यायाधीशले आफ्नो कर्तव्य पालनको सिलसिलामामा मुद्दाका पक्षहरु एवम् सरोकारवालाहरुसँग समान व्यवहार गर्नु पर्नेछ ।

७.३ न्यायाधीशले न्यायिक कार्य सम्पादन गर्दा कुनै व्यक्ति वा समूहप्रति अप्रासङ्गिक आधारमा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट पक्षपात वा पूर्वाग्रहपूर्ण व्यवहार गर्नु हुँदैन ।

७.४ न्यायाधीशले आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित विचार पुर्याउनु पर्नेछ । मुद्दाका पक्षहरू, साक्षीहरू, कानून व्यवसायीहरू, अदालतका कर्मचारीहरू तथा सहकर्मी न्यायाधीशहरूप्रति कर्तव्य पालनसँग सरोकार नरहेका कुनै अप्रासङ्गिक कुराको आधारमा कुनै प्रकारको भेदभावपूर्ण व्यवहार गर्नुहुँदैन ।

७.५ न्यायाधीशले जानी–जानी कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरूलाई आफूसमक्ष विचाराधीन विवादसँग सम्बन्धित व्यक्तिहरूप्रति कुनै किसिमले भेदभावपूर्ण व्यवहार गर्ने अनुमति दिनु हुँदैन ।

७.६ न्यायाधीशले मुद्दामा उपस्थित कानून व्यवसायीले कुनै पक्ष वा व्यक्तिप्रति बोली वा व्यवहारबाट अप्रासङ्गिक आधारमा देखाउने पक्षपात वा पूर्वाग्रहलाई रोक्नु पर्नेछ । तर, त्यस्ता अप्रासङ्गिक आधार मध्येका कुनै कुरा नै मुद्दामा ठहर गर्नुपर्ने कुरासँग सम्बद्ध रहेछ भने त्यस्तो कुरा बहस पैरवीका क्रममा व्यक्त गर्नबाट रोक्नु हुँदैन ।

<u>स्पष्टीकरण:</u> नेपालको संविधान तथा कानूनले व्यवस्था गरेको सकारात्मक विभेदको नीति बमोजिम गरिने व्यवहारलाई अन्यथा मानिने छैन ।

**८. <u>सक्षमता र लगनशीलता सम्बन्धी आचरणहरु:</u>**

८.१ न्यायाधीशले सदैव न्यायिक कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।न्यायिक कार्य तथा कर्तव्यको निर्वाह गर्दा निर्णय गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुराका अतिरिक्त अदालत र यसको व्यवस्थापन वा सञ्चालन, न्यायिक प्रशिक्षण एवं अनुसन्धानसँग सम्बन्धित कुराहरू समेतमा ध्यान दिनु पर्नेछ ।

८.२ न्यायाधीशले न्यायिक कार्यको कुशल सम्पादनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यक्तिगत गुणहरू कायम राख्न तथा क्षमता अभिवृद्धि गर्न उपयुक्त कदमहरू चाल्नु पर्नेछ । त्यसको लागि न्यायिक नेतृत्व अन्तर्गत उपलब्ध हुने तालिम तथा स्वदेशी एवम् विदेशी अवलोकन, भ्रमण र सेमिनारबाट प्राप्त उपलब्धीको यथोचित उपयोग गर्नु पर्नेछ ।

८.३ न्यायाधीशले मानवअधिकारका सिद्धान्तहरू स्थापित गर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अन्य दस्तावेजलगायत विकसित नवीनतम् सिद्धान्त प्रति सुसूचित रही सोको उचित प्रयोग गर्नु पर्नेछ।

८.४ न्यायाधीशले मुद्दाको सुनुवाई सकी निर्णय सुनाउन राखेकोमा निर्णय सुनाउँदा यथाशक्य लिखित फैसला दिने र अन्य न्यायिक कार्यहरू सम्पादन गर्दा समेत कुशलतापूर्वक, स्वच्छ एवं छिटो–छरितो रूपमा गर्ने गर्नु पर्नेछ ।

८.५ न्यायाधीशले आफू संलग्न भई विवादको सुनुवाई गर्दाका सबै अवस्थामा न्यायिक प्रक्रियाको सुव्यवस्था र न्यायिक मर्यादा कायम राख्नु पर्नेछ । न्यायाधीशले विवादका पक्षहरू, साक्षीहरू, कानून व्यवसायीहरू र अन्य  सरोकारवालाहरूसँग शालीन, सौम्य, नम्र र धैर्य भई व्यवहार गर्ने र उनीहरूको कुरा सुन्नु पर्नेछ। इजलासमा उपस्थित विवादका पक्ष, कानून व्यवसायी र कर्मचारीलगायत न्यायाधीशको निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरूबाट समेत त्यस्तै प्रकारको व्यवहार गर्न लगाउनु पर्नेछ ।

८.६ न्यायिक काम कारबाहीमा आवश्यक पर्ने ज्ञान, सीप, लगनशीलता तथा सक्षमता अभिवृद्धिसँग मेल नखाने अन्य कुनै आचरण वा व्यवहार न्यायाधीशले गर्नु हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **खारेजी र बचाउः**

९.१ न्यायाधीशको आचार संहिता, २०६५ खारेज गरिएको छ ।

९.२. यो आचार संहितामा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनसँग बाझिएमा सो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ ।

**आज्ञाले,**
**राजनप्रसाद भट्टराई**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार